# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा, युवा तथा खेलकुद शाखा
बिर्तामोड, झापा
१ नं. प्रदेश, नेपाल

☎ फोन नं.-०२३ -५४५८००


प.सं. ०७७/०७८
च.नं. ०६२

मिति :– २०७७/०८/१०

**विषय :– निर्देशन सम्बन्धमा ।**

श्री सबै विद्यालयहरु ( सामुदायिक/संस्थागत )
बिर्तामोड नगरपालिका, झापा ।

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को कारणबाट स्थगन रहेको विद्यार्थीहरुको सिकाइ सहजिकरण कार्यक्रम सम्बन्धमा मिति २०७७/०७/२० को मन्त्री स्तरीय निर्णयबाट स्वीकृत "विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७" तथा मिति २०७७/०८/०९ गते बिर्तामोड नगरपालिकामा बसेको सरोकारवालाहरुको वैठकको निर्णय अनुसार तपसील बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

तपसील

क. विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ को ३.४ (ख) का विकल्पहरु मध्ये निम्न विकल्पहरु विद्यालयले कार्ययोजनां निर्माण गरी ५ दिन भित्र नगर शिक्षा शाखामा पेश गर्ने, सो कार्ययोजनाका आधारमा नगरबाट स्थलगत अनुगमन गरी स्वास्थ्य सम्बन्धी मापदण्ड पूरा भएमा कक्षा सञ्चालनको अनुमति उपलब्ध हुनेछ ।
   १. अलग/अलग समय (सिफ्ट) अलग/ अलग कक्षा वा तह सञ्चालन गर्ने ।
   २. विद्यालय खुल्ने तथा कक्षा सञ्चालनको अवधि/घण्टी छोट्याउने ।
   ३. अवस्था हेरी तल्ला कक्षालाई पहिले वा माथिल्लो कक्षाका विद्यार्थीहरुलाई पहिले (जोखिम र सहजतालाई हेरी) कक्षा शुरु गर्ने ।
   ४. कुनैदिन केहि कक्षा र कुनै दिन बाँकी कक्षा पालैपालो कक्षा सञ्चालन गर्ने ।
   ५. कक्षाका केही विद्यार्थी कुनै दिन वा सिफ्ट र बाँकी विद्यार्थीहरु अर्को दिन वा सिफ्टमा सञ्चालन हुने गरी पालैपालो कक्षा सञ्चालन गर्ने ।
   ७. हप्तामा केही दिन, दिनमा केहि घण्टा सञ्चालन गर्ने ।

ख. विद्यालयहरुले कार्ययोजना तयारी पूर्व विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ बमोजिम प्रत्यक्ष सिकाइका लागि (अपाङ्गता भएका विद्यार्थी र असक्त विद्यार्थीहरुको बारेमा समेत) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, शिक्षक तथा सरोकारवालाहरुको वैठक बोलाइ सिकाइका उपरोक्त विकल्पहरु मध्ये कुन कुन विकल्प खुल्ला गर्ने हो, बैठकबाट निर्णय गरी सो का आधारमा कार्ययोजना निर्माण गर्ने ।

ग. कार्ययोजना निर्माण गर्दा प्रत्यक्ष सिकाइका विकल्पहरु कुन कुन हुने ?, कति सिफ्टमा सञ्चालन हुने ?, एक सिफ्ट कति समयको हुने ?, कुन कुन कक्षाका के कति विद्यार्थी संख्या राखी सिकाइ सञ्चालन गर्ने ?, विद्यालयमा के कस्तो स्वास्थ्य मापदण्ड छ ? आदि सबै विषयवस्तु प्रस्ट रुपमा उल्लेख गरिनु पर्ने ।

घ. विद्यालयले सवारी साधन सञ्चालन गर्ने भए नेपाल सरकारबाट तोकिएको न्यूनतम स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना हुने प्रतिवद्धता पेश गर्नु पर्ने

ङ. विद्यालयले कार्ययोजना पेश गर्नु अघि प्रारम्भिक कार्यहरु (भौतिक तथा स्वास्थ्यसम्बन्धी) सुनिश्चित गर्नुपर्ने ।

च. विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ कार्यान्वयन गर्न विद्यालयमा प्रत्यक्ष सिकाइका लागि आवश्यक तयारी पुगे नपुगेको अनुगमन गर्न नगर स्तरीय अनुगमन समिति, वडा स्तरीय अनुगमन समिति र विद्यालय स्तरीय अनुगमन समिति हुनेछ । विद्यालयले विद्यालय स्तरीय अनुगमन समिति निर्माण गरी कार्य याजनासाथ पेश गर्नु पर्नेछ ।

च. प्रत्यक्ष सिकाइ सञ्चालन गर्दा पहिलो चरणमा माथिल्लो तहका कक्षाहरु सञ्चालन गर्ने गरी कार्ययोजना निर्माणमा प्राथमिकता दिने ।

छ. माथिको बुँदा क मा उल्लेखित विकल्पहरुबाट प्रत्यक्ष सिकाइ सञ्चालन गर्न नसक्ने विद्यालयहरुले कारण सहित यस भन्दा अगाडि प्रयोग गरिरहेको बैकल्पिक सिकाइलाई निरन्तरता दिने प्रतिबद्धताको कार्ययोजना पेश गर्ने ।

ज. माथि उल्लेखित बुँदाका साथै विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ को पूर्ण कार्यान्वयन गर्ने ।

बोधार्थ

श्री १० वटै वडा कार्यालयहरु : विद्यालयमा प्रत्यक्ष सिकाइका लागि अनुगमन गर्न वडा स्तरीय अनुगमन समिति गठन गरी आवश्यक अनुगमन तथा सहजीकरण गर्नहुन ।

२०७७/०८/१०
तिलचन भण्डारी
उपसचिव

Scanned with CamScanner